नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**जिल्ला प्रशासन कार्यालय, सिरहाका प्रमुख जिल्ला अधिकारीबाट स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) तथा संक्रामक रोग ऐन, २०२० को दफा ३ र ४ अनुरुप मिति २०७७ पुस २९ गते राती १२:०० बजे देखि २०७७ फाल्गुन २९ गते राति १२:०० सम्म सिरहा जिल्ला भरका लागि भएको आदेश :**

**मिति २०७७ पुस २९**

सिरहा जिल्लामा कोभिड १९ को संक्रमण जोखिम कायमै रहि कोभिड १९ को संक्रमणबाट २५ जना व्यक्तिहरुको दु:खद निधन भैसकेको र हाल पनि संक्रमणको अवस्था कायम रहेको । कोभिड १९ संक्रमण न्यूनीकरण गर्न स्वास्थ्य र सुरक्षा मापदण्ड तथा प्रोटोकलको पालना गर्दै जनजीवनलाई पनि अनुकुल तुल्याउन भै आएको व्यवस्था अनुरुप मिति २०७७ पुस २९ गते राती १२:०० बजे देखि मिति २०७७ फाल्गुन २९ गते राती १२:०० बजे सम्म सिरहा जिल्ला भर लागु हुने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रमक रोग ऐन, २०२० को दफा ३ र ४ को अधिकार प्रयोग गरी देहाय अनुरुप हुन यो आदेश जारी गरिएको छ ।

मास्क लगाउन, साबुन पानीले हात धुन वा स्यानीटाईजर प्रयोग गर्न तथा भौतिक दुरी कायम गर्न र यस आदेशमा उल्लेखित देहायका शर्त पालना गर्ने गराउने तर्फ क्रियाशिल भई कोभिड १९ संक्रमणको जोखिम न्यूनीकरणमा सहयोग पुर्‍याउन सिरहा जिल्ला स्थित जिल्ला समन्वय समितिको कार्यालय, सबै (१७ वटा) स्थानीय तहहरु, राजनीतिक क्षेत्र, उद्योग, वाणिज्य/व्यपारिक संघ संस्था, सामाजिक संघ संस्था, आम सर्वसाधारण एवं सरोकारवालाहरुमा अनुरोध छ ।

**आदेशको विषय :**

१. सार्वजनिक कार्यक्रममा जन स्वास्थ्य तथा सुरक्षाको मापदण्ड/प्रोटोकल अवलम्वन गर्ने ।

२. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा समेत दुरी कायम हुने गरी जन स्वास्थ्य र सुरक्षाको मापदण्ड अवलम्वन गर्ने ।

३. यातायात, निर्माण उधोग, कलकारखाना, होटल, सिनेमा हल तथा अन्य व्यापार/व्यवसाय अन्तर्गतका स्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड विपरित हुने गरी क्रियाकलाप नगर्ने ।

४. उत्पादनशील उद्योगकालागि विदेशी श्रमिक ल्याउने सम्वन्धि कार्यविधि, २०७७ का विपरित कामदारको ओसार पसार तथा प्रयोग नगर्ने ।

५. विद्यालय शिक्षा सम्वन्धी आकस्मिक कार्ययोजना, २०७७ तथा विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७ र विद्यालय संचालन सम्वन्धि कार्यढाँचा, २०७७ विपरितका कार्य नगर्ने ।

६. नेपाल सरकारबाट अर्को आदेश जारी नभए सम्म नेपाल भारत सीमा नाकाबाट खुल्ला आवत जावत नगर्ने । माडर नाकाबाट मात्र भारत हुँदै नेपाली नागरिकले प्रवेश गर्ने

७. नेपाल सरकारद्धारा निषेध गरेका अन्य विषय अवलम्वन गर्ने ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

**प्रमुख जिल्ला अधिकारी**